कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
५ नं. प्रदेश, नेपाल

हरि बहादुर वली
प्रशासकिय अधिकृत
२०७४।१२।१३

**प्रस्तावहरु :-**

१. १३ विघाको जग्गा सम्बन्धमा ।

२. नगर विकास समिति हस्तान्तरण सम्बन्धमा

३. आर्थिक सहयोग सम्बन्धमा ।

४. नगरपालिकाको पूर्वपट्टि रहेको वन सम्बन्धमा ।

**निर्णय नं. १ :-**

प्रस्ताव नं. १ मा छलफल गर्दा मिति २०५३ साल पौष ४ गते नेपाल सरकार शिक्षा मन्त्रालय र लर्ड बुद्ध एजुकेशनल एकेडेमी लि. बिच ४९ बर्षका लागि नेपालगंज मेडिकल कलेज संचालनार्थ साविक रझेना गा.वि.स. वडा नं. ४ को कि.नं. ९८ मध्येको १३-०-० विगाहा जग्गा उपलब्ध गराएकोमा हाल सम्म उक्त एकेडेमीले जुन प्रयोजनको लागि नेपाल सरकारबाट जग्गा लिजमा प्राप्त गरेको हो र त्यही प्रयोजनमा उक्त जग्गा प्रयोग नगरी ५,६ वटा साना घर कटेरा बनाई उक्त शिक्षण अस्पतालको सरसफाई मजदुर राखेको पाइएकोले उक्त जग्गा हाल कोहलपुर नगरपालिकालाई आवश्यक परेकोले सो सम्झौता सोतह बदर गरी उक्त बाँकी जग्गामा कर्बडहल निर्माण र फुटबल खेल मैदान निर्माण गर्ने निर्णय भई सकेकोले कवर्डहलको निर्माणका लागि स्वायल टेष्ट भई डि.पि.आर. पनि भई सकेकोले यस नगरपालिकाले उल्लेखित फुटबल मैदान र कवर्डहल निर्माण गर्न अनुमतिका लागि सम्मानीय प्रधानमन्त्री ज्यू समक्ष अनुरोध गर्न नगर प्रमुख जाने निर्णय गरियो ।

**निर्णय नं. २ :-**

प्रस्ताव नं. २ मा छलफल गर्दा कोहलपुर नगर विकास समिति भित्र रहेका ६ वटा भवन यस कोहलपुर नगरपालिका कार्यालयलाई आगामी चैत्र २८ गते देखि जिल्लाबाट आउने विभिन्न शाखा राख्न अति आवश्यक रहेकोले यस नगरपालिकालाई उक्त ६ वटा भवन उपलब्ध गराउनका लागि सम्मानीय प्रधानमन्त्री ज्यू समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-**

प्रस्ताव नं. ३ मा छलफल गर्दा राप्ति सोनारी गाँउपालिका वार्ड नं. ३ मा अवस्थित श्री सरस्वती माध्यमिक विद्यालयमा संचालन हुन गई रहेको १० औं राष्ट्रपति रनिङ्ग शिल्डको लागि आर्थिक सहयोग स्वरुप रु.२५०००। अक्षरुपी पच्चिस हजार मात्र सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :-**

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस कोहलपुर नगरपालिका कार्यालयको पूर्व पट्टि रहेको उत्तरमा पुरानो टावर हुँदै मसुरी खेत सम्म, पूर्वमा डुडुवा खोला, पश्चिममा रत्न राजमार्ग र दक्षिणमा महेन्द्र राजमार्ग विचमा रहेको अंदाजी १५०-०-० विगाहा जग्गामा रहेको केही खयरका, सिमलका रुख बाहेक बाँकी क्षेत्रमा झाडी बुट्यानहरु रहेकोले क्षेत्रमा अपराधिक कियाकलापहरु बढि हुने भएको र नगरपालिका संग पूर्वाधार निर्माणका लागि आवश्यक जग्गा समेत नभएकाले उक्त क्षेत्रको झाडी बुट्यान फडान गरी कोहलपुर नगरपालिका कार्यालयलाई हस्तान्तरण गरि दिनका लागि सम्मानीय प्रधानमन्त्री ज्यू समक्ष अनुरोध गर्ने भनि निर्णय गरियो ।

हरि बहादुर वली
प्रशासकिय अधिकृत
२०७४।१२।१३